# इन्द्रसरोवर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुलेखानी, मकवानपुर ।

## उपभोक्ता समिति पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी अभिमुखीकरण

## प्रतिवेदन

## प्रस्तुतकर्ता: राजन खतिवडा

# विषयसूची


१. पृष्ठभूमि

२. उद्देश्यहरू

३. तालिमले समेटेका विषयहरु

४. तालिमको कार्यतालिका

५. तालिममा सहभागीहरूको अपेक्षाहरू

६. तालिम संचालनको विधि

७. तालिममा प्रयोग गरिएका सामाग्रीहरू

८. वडागत तालिमको विवरण

## १. पृष्ठभूमि

निश्चित उदेश्य, लक्ष्य, निति, रणनिति तय गरी देशको श्रोतसाधन अनुरुप निश्चित समय किटान गरी बनाइएको खाका नै योजना हो । अर्थात भविष्यमा गरिने कार्यहरुको रुपरेखालाई योजना भनिन्छ ।योजना विश्वमा  सन १९२८ बाट रुसको पापतिलके' नामक योजनाबाट सरु भएको हो भने नेपालमा चाहीँ २०१३ सालदेखि सुरु भएको पाइन्छ । गाउँपालिकाहरुमा अधिकांश योजना तथा कार्यक्रम कार्यान्वयनको प्रमुख निकाय योजना शाखा हो । यस गाउँपालिका भित्र प्रवाह गर्नु पर्ने योजना तथा कार्यक्रम सम्बन्धी सेवाहरु वार्षिक कार्यक्रमको रुपमा योजना शाखामा प्राप्त हुन्छन्। यसरी प्राप्त भएका  योजना तथा कार्यक्रमहरुको प्रभावकारीता र नतिजालाई आधार मानेर आगामी योजना तथा कार्यक्रमहरु नीति निर्माण तहवाट निर्धारण भएका हुन्छन्।

यस इन्द्रसरोवर गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रमको अन्तर्गतमा रहि इन्द्रसरोवर गाउँपालिकाको योजना सञ्चालन तथा फरफारक कार्यविधि २०७५, इन्द्रसरोवर गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७८, नेपाल सरकार संघिय तथा प्रदेश सरकारको निति तथा कार्यक्रम, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन- २०७५, साथै राष्ट्रिय योजना आयोगको आधार बमोजिम यस इन्द्रसरोवर गाउँपालिकाको योजना शाखाबाट कार्य सम्पादन गर्ने गरिएको छ। साथै कार्यालयको आयोजना सम्बन्धी कार्यहरु प्राय ठेक्का, संघसंस्था तथा उपभोक्ता समिति मार्फत सञ्चालन हुने गर्दछ । विशेषत उपभोक्ता समिति मार्फत नै योजना सञ्चालन हुने भएकोले उक्त उपभोक्ता समितिलाई लक्षित गरी उपभोक्ता समिति पदाधिकारीहरुको क्षमता विकास **गर्न** सर्वप्रथम प्रत्येक उ.स.लाई योजनासम्बन्धी कार्य सञ्चालन अगावै उ.स.गठन, योजना सम्झौता र फरफारकको लागि केके गर्नुपर्ने र आवश्यक कागजपत्र मिलाउने र माइनुट लेखन, उपभोक्ता समितिको काम कर्तव्य अधिकार, उपभोक्ता समितिको क्षमता विकास, खाता सञ्चालन, भुक्तानी प्रकृया, निर्माण कार्यको गुणस्तर सुनिश्चितता लगायत योजना सम्बन्धी सम्पुर्ण कार्य सञ्चालन गर्न उपभोक्ता समितिको पदाधिकारीहरुलाई तालिम प्रदान गर्ने जस्ता कार्य यस कार्यालयको योजना शाखाले यसको कार्य जिम्मेवारी सम्हाल्दै आएको छ ।

## २. उद्देश्यहरू

- प्रत्येक उ.स.लाई योजनासम्बन्धी कार्यक्रमहरु सञ्चालन अगावै उ.स. गठन, योजना सम्झौताको लागि केके गर्नुपर्ने र आवश्यक कागजपत्र मिलाउने र माइनुट लेखन सम्बन्धी तालिम दिने।
- उपभोक्ता समितिको क्षमता विकास गर्ने गराउने ।
- उपभोक्ता समितिको काम कर्तव्य र अधिकारबारे बोध गराउन ।
- फरफारक तथा अन्तिम भुक्तानीको प्रकृयाको पुरा गर्नुपर्ने र आवश्यक कागजपत्र मिलाउने र माइनुट लेखन सम्बन्धी तालिम दिने।
- उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुको निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न गराउन ।

## ३. तालिमले समेटेका विषयहरु

- उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार
- सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान
- निर्माण सामाग्रीको गुणस्तर र परिमाण
- खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन
- कार्यान्वयन र अनुगमन प्रकृया
- सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण
- अन्य आवश्यक विषयहरु ।

## ४. तालिमको कार्यतालिका

- स्थानः इन्द्रसरोवर गाउँपालिकाको सम्पूर्ण वडाहरूमा
- मितिः २०७८/०७/२८ गते देखि २०७८/८/२ गतेसम्म
- समयः विहानः ९ बजे देखि ४ बजेसम्म
- विषेश आमन्त्रितः ४ जना
- कार्यक्रम संयोजकः १ जना
- इन्द्रसरोवर गाउँपालिकाको योजना उपभोक्ता समिति पदाधिकारी (तालिम प्राप्त कर्ता) १५० जना (प्रत्येक वडाबाट पहिलो प्राथमिकतामा परेका १० योजना उ.स.को अध्यक्ष, सचिव र कोषाध्यक्ष)
- प्रशिक्षकः २ जना
- अन्य कार्मचारीहरुः ५ जना (वडा सचिव) र ९ जना अन्य कर्मचारी
- कार्यक्रम सहयोगीः १ जना

| सत्र | विषय | स्रोत व्यक्ति | समय | कैफियत |
|---|---|---|---|---|
| **मितिः २०७८-०७-२८ देखि २०७८-०८-२ गते सम्म** | | | | |
| **(प्रथम सत्र)** | उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार | **गंगा राई** | १०:००-११:३० | |
| **(दोस्रो सत्र)** | सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि बारे जानकारी | **गंगा राई** | ११:३०-१:३० | |
| **खाजाः १:३०-२:००** | | | | |
| **(तेस्रो सत्र)** | खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन | **विमल मोक्तान** | २:००-३:३० | |
| **चौथो सत्र** | सार्वजनिक परीक्षण, योजनाको फरफारक | **विमल मोक्तान** | ३:३०-५:०० | |

## ५.तालिम कार्यक्रममा सहभागीहरूको अपेक्षाहरू

- उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार सम्बन्धी थप तालिमको आवश्यकता
- निर्माण सामाग्रीको गुणस्तर र परिमाणमा प्राविधिकहरुको थप सहयोगको आवश्यकता
- कार्यान्वयन र अनुगमन प्रकृयामा सहयोगको आवश्यकता
- सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरणमा छुटै तालिमको आवश्यकता

## ६.तालिम संचालनको विधि

- कार्यक्रमको प्रस्तुतिकरण
- समुहगत छलफल
- प्रयोगात्मक अभ्यसा

## ७.तालिममा प्रयोग गरिएका सामाग्रीहरू

- ल्यापटप
- प्रिन्टर
- फ्लेस
- मार्कर

## ८. वडागत तालिमको विवरण

### ➢ १ नं. वडा कार्यालय, मार्खु

मिति २०७८-०७-२८ गते इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा उपभोक्ता समिति पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी अभिमुखीकरण तालिम १ नं. वडा ,मार्खुमा सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता १.नं. वडा अध्यक्ष श्री जमान सिं वाइवा ज्यूले गर्नु भएको थियो भने इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री जीवन लामाज्यू प्रमुख अतिथि, प्रमुख प्रशासकीय अधिकृत श्री बलराम लम्सालज्यू का साथै अन्य विशिष्ट व्यक्तिहरुको समुपस्थिति रहेको थियो। साथै उक्त कार्यक्रममा गाउँपालिका इन्जिनियर श्री विमल मित्तान, योजना शाखाबाट श्री गंगा राई, श्री हिरालाल बलामी र अ-सब इन्जिनियर श्री जिवन लामाले सहजीकरण गर्नु भएको थियो।





## ➢ २ नं. वडा कार्यालय, कुलेखानी

मिति २०७८-०७-२९ गते इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा उपभोक्ता समिति पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी अभिमुखीकरण तालिम २ नं. वडा ,कुलेखानीमा सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता २.नं. वडा अध्यक्ष श्री राजुमान महर्जन ज्यूले गर्नु भएको थियो भने इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री जीवन लामाज्यू प्रमुख अतिथि, प्रमुख प्रशासकीय अधिकृत श्री बलराम लम्सालज्यू का साथै अन्य विशिष्ट व्यक्तिहरुको समुपस्थिति रहेको थियो। साथै उक्त कार्यक्रममा गाउँपालिका इन्जिनियर श्री विमल मित्तान, योजना शाखाबाट श्री गंगा राई, श्री हिरालाल बलामीले सहजीकरण गर्नु भएको थियो।





- **३ नं. वडा कार्यालय, सिस्नेरी**

मिति २०७८-०७-३० गते इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा उपभोक्ता समिति पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी अभिमुखीकरण तालिम ३ नं. वडा ,सिस्नेरीमा सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता ३.नं. वडा अध्यक्ष श्री चिरञ्जिवी पौडेल ज्यूले गर्नु भएको थियो भने इन्द्रसरोवर गाउँपालिकाका उपाध्यक्ष श्री उमा कुमारी लामाज्यू प्रमुख अतिथि, प्रमुख प्रशासकीय अधिकृत श्री बलराम लम्सालज्यू का साथै अन्य विशिष्ट व्यक्तिहरुको समुपस्थिति रहेको थियो। साथै उक्त कार्यक्रममा गाउँपालिका इन्जिनियर श्री विमल मित्तान, योजना शाखाबाट श्री गंगा राईले सहजीकरण गर्नु भएको थियो।






## ➢ ४ नं. वडा कार्यालय, फाखेल

मिति २०७८-०८-०१ गते इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा उपभोक्ता समिति पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी अभिमुखीकरण तालिम ४ नं. वडा ,फाखेलमा सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता ४.नं. वडा अध्यक्ष श्री धनवीर स्याङ्तान ज्यूले गर्नु भएको थियो भने उक्त कार्यक्रममा इन्द्रसरोवर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बलराम लम्सालज्यू का साथै अन्य विशिष्ट व्यक्तिहरुको समुपस्थिति रहेको थियो। साथै उक्त कार्यक्रममा गाउँपालिका इन्जिनियर श्री विमल मित्तान, योजना शाखाबाट श्री गंगा राईले सहजीकरण गर्नु भएको थियो।





## ➢ ५ नं. वडा कार्यालय

मिति २०७८-०८-०२ गते इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा उपभोक्ता समिति पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी अभिमुखीकरण तालिम ५ नं. वडामा सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता ५.नं. वडा अध्यक्ष श्री धनराज महर्जन ज्यूले गर्नु भएको थियो । साथै उक्त कार्यक्रममा गाउँपालिका इन्जिनियर श्री विमल मित्तान, योजना शाखाबाट श्री गंगा राईले सहजीकरण गर्नु भएको थियो।








**प्रतिवेदन तयार गर्नेः**

राजन खतिवडा

सूचना प्रविधि अधिकृत

इन्द्रसरोवर गाउँपालिका, कुलेखानी मकवानपुर